# बान्नीगढी जयगढ गाउँपालिकाको
## बाह्रौं गाउँसभाका अध्यक्ष श्री टेक बहादुर साउदद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८१/०८२ को
# बार्षिक नीति तथा कार्यक्रम, २०८१

बान्नीगढी जयगढ गाउँपालिका

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

**यस गरिमामय गाउँसभामा उपस्थित**
**गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु,**
**सञ्चारकर्मी मित्रहरु, सुरक्षाकर्मी मित्रहरु, प्रत्यक्ष प्रशारणमा**
**सुनिरहनु भएका आम गाउँपालिका बासी आमाबुवा, दाजुभाई तथा दिदी बहिनीहरु।**

१. बान्नीगढी जयगढ गाउँपालिकाको गरिमामय गाउँसभाको बाह्रौं अधिवेशन समक्ष आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु।

२. यस महत्वपूर्ण अवसरमा नेपाल राष्ट्रको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागी ईतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते, अपाङ्ग तथा बेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु। साथै राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न उल्लेखनीय योगदान गर्नु हुने सम्पूर्ण नेपाली जनतामा पनि उच्च सम्मान प्रकट गर्न चाहन्छु।

३. निर्वाचन हुँदाका बखत हामी निर्वाचित जनप्रतिनिधिहरुले आम जनतासँग बान्नीगढी जयगढ गाउँपालिकाको समग्र विकासका लागि गरेका प्रतिवद्धताहरुलाई मूर्तरुप दिन सदैव प्रतिवद्ध रहने गाउँपालिकावासीमा विश्वास दिलाउन चाहान्छु। गाउँपालिकाबासी जनताको सुख र समुन्नतिको लागी स्थानीय सरकारलाई थप सुदृढ गर्दै गाउँपालिकाबासीमा सरकार प्रति आशा र भरोसा जगाउने गरी सरकारले आफ्नो नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ ।

४. संविधानको कार्यान्वयन, स्थानीय सरकारको सबलीकरण, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रर्वद्धन, सार्वजनिक सेवा प्रभावमा सुधार र सरलीकरण, नागरिक मैत्री शासन प्रणालीको स्थापना तथा भष्ट्राचार नियन्त्रण सरकारका मुख्य प्राथमिकता रहेका छन। सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन र सेवा प्रवाहमा सारभूत र आम जनताले अनुभूति गर्नसक्ने सुधार गर्न सरकार स्पष्ट कार्ययोजनका साथ अघि बढेको छ ।

५. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार हुनु, आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु, गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु लगायताका अवसर हाम्रा सामु विद्यमान छन् ।

**गाउँसभा सदस्यज्यूहरु,**

अब म हालसम्म प्राप्त उपलब्धिलाई संक्षेपमा उजागर गर्न चाहन्छु ।

६. बान्नीगढी जयगढ गाउँपालिकामा हाल सम्म सवै वडामा सडकको पहुँच पुगेको छ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ । गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ विस्तार गरिएको छ।

७. गाउँपालिकाको वडा नं. २ सल्लेना र वडा नं. ४ तिमिल्सैनमा एक घर एक धारा अनुरुप गैरसरकारी संस्था सँगको साझेदारीमा बृहत खानेपानी आयोजनाहरु सम्पन्न भएका छन । यसै गरी यस गाउँपालिका अन्तर्गत

जयगढ बजार र आसपासका बस्तीमा अव्यवस्थित खानेपानीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न मिटर प्रविधि सहितको एक घर एक धारा अवधारणा अन्तर्गत सुरक्षित खानेपानीको दिगो व्यवस्थापनका लागी जयगढ खालगडा छातासैन वृहत खानेपानी आयोजनालाई आगामी आर्थिक बर्षमा सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडी बढाएको छ । साथै गाउँपालिकाका विभिन्न वडामा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ ।

८. गाउँपालिकाको मूल प्रशासकीय भवनको निर्माणको कार्य प्रारम्भ भएको छ । वडा नं.१ को वडा कार्यालयको भवन निर्माण भएको छ । त्यसैगरी वडा नं ४ तिमिल्सैन र वडा नं. ६ दर्ना स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर निर्माणको कार्य सम्पन्न भएको छ ।

९. जयगढ बजारमा रहेको अव्यवस्थित फोहर व्यवस्थापनका लागी वडा नं. ५ मा अस्थायी फोहोर बिसर्जन स्थलको व्यवस्था गरिएको छ।

१०. गाउँपालिकाको सेवा प्रवाहमा सरलता र सुशासन प्रवर्द्धनका लागी कानूनहरु निर्माण र समयानुकुल परिमार्जन भएका छन । गाउँपालिकाले हालसम्म ६५ कानून निर्माण गरेको छ ।

११. गाउँपालिका अन्तर्गत वडा नं.५ भालुमारेमा रहेको १५ शैय्याको अस्पताल निर्माण कार्य द्रुत गतिमा अघि बढेको छ ।

१२. शैक्षिक क्षेत्रमा सुधारका लागी विद्यालय समायोजन, एकिकरण कार्यको थालनी भएको छ । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा,स्वास्थ्य,बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ । विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि गाउँपालिकामा विभिन्न खेलकुद प्रतियोगिताहरु आयोजना भएका छन।

१३. हाल सम्म गाउँपालिकामा कृषि सहकारी संस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिएको छ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको पहिचान गरी विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ।अध्यक्ष युवा स्वरोजगार कार्यक्रमको माध्यमद्धारा युवा जनशक्तिलाई स्वदेशमा रोजगारी अवसरहरु छन भन्ने सन्देश दिन खोजिएको छ।

१४. विभिन्न विषयत शाखाहरुबाट सचेतनामूलक कार्यक्रमहरु संचालन गरिएका छन । आर्थिक र सामाजिक रुपमा सीमान्तकृत वर्ग र समुदायको उत्थान र मूलप्रवाहीकरणका लागी विभिन्न सीपमूलक र आयआर्जनमूलक कार्यक्रमहरु संचालन गरिएका छन ।यसै गरी रोजगार सेवा केन्द्रबाट ७६ जना व्यक्तिहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

१५. यस गाउँपालिकाले गत आ.व. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA)** मा **८१.५** अंक प्राप्त गरी अछाम जिल्लाकै तेस्रो स्थान हासिल गरेको छ । राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट अपेक्षा गरेभन्दा आन्तरित राजश्व संकलनमा वृद्धि भएको छ।साथै राजश्वको दायरा बृद्धि गर्दै दरहरुलाई समयानुकुल बनाउँदै लगिएको छ ।

१६. वर्तमान सरकारले अघी बढाएका नीति तथा कार्यक्रमहरुको समिक्षा, प्राप्त उपलब्धि र कार्यान्वयनबाट हासिल अनुभवमा आधारित भई आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

१७. प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको प्रस्तावना,मौलिक हक,राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजनाले लिएका नीति तथा प्राथमिकताहरु, स्थानीय तहको आवधिक योजनाले तय गरेका नीति तथा प्राथमिकताहरु, संघीय र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा बित्तीय नीतिहरु, निर्वाचनको क्रममा जारी गरिएका निर्वाचन घोषणापत्रहरु, विभिन्न राजनीति दलहरु, समाजसेवी, शिक्षाप्रेमी, नागरिक अगुवा,

अधिकारकर्मी, संघ संस्थाका प्रतिनिधिहरु, सञ्चारकर्मी लगायत गाउँवासी सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीबाट प्राप्त सल्लाह सुझावहरुलाई मुख्य आधारको रुपमा लिएका छौं।

**गाउँसभाका सदस्यहरु,**

अब म आर्थिक वर्ष २०८१/०८२ का लागी तय गरिएका प्रमुख क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

**(क) सामाजिक विकास**

**स्वास्थ्य**

१८. स्वास्थ्य चौकीस्तरबाट मासिक रुपमा घुम्ती ग्रामिण अल्ट्रासाउन्ड सेवा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१९. गुणस्तरीय स्वास्थ्य सेवाको पँहुच तथा स्वास्थ्य सेवाको सुधारको लागी स्मार्ट हेल्थ कार्यक्रम संचालन गरिनेछ ।

२०. क्षयरोग मुक्त पालिका अभियानलाई थप प्रभावकारी बनाईनेछ । मातृ तथा बाल स्वास्थ्य सेवा समन्वयका लागि मोबाईल स्वास्थ्य सेवा विस्तार गरिनेछ ।

२१. बर्थिङ्ग सेन्टरमा कार्यरत महिला कर्मचारीको नाईट भत्ताको लागी बजेटको व्यवस्थापन गरिनेछ । सुत्केरी महिलाहरुका लागी गाउँपालिकाको कोसेली कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२. आर्थिक रुपमा अति विपन्न, गर्भवती महिला तथा ६८ वर्षभन्दा माथीका जेष्ठ नागरिकहरुलाई स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अछाम जिल्ला अस्पताल र बयलगडा अस्पताल ल्याउन-लैजान निशुल्कः एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

२३. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ । सुनौला हजार दिनका आमाहरुलाई उपाध्यक्ष कोसेली कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

२४. सुरक्षित मातृत्व, खोप, पोषण र रोग नियन्त्रणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । गाउँपालिकाभित्र रहेका महिलाहरुको पाठेघरको मुखको क्यान्सर रोकथामका लागि निःशुल्क स्क्रिनिङ्ग कार्यक्रम संचालन गरिनेछ ।

२५. गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्दै औषधी लगायत स्वास्थ्य तथा सुरक्षा सामाग्रीहरुको पर्याप्त व्यवस्था गरी स्वास्थ्य सेवालाई सुदृढ गरी निःशुल्क स्वास्थ्य जाँच तथा औषधी वितरणको व्यवस्था मिलाईने छ ।

२६. "सुन्दर बान्नीगढी हराभराः अर्गानीक खाना हाम्रो आहारा" को अभियान मार्फत स्वच्छ फलफुल तरकारी मार्फत स्वास्थ्य सचेतना अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

२७. आयुर्वेद चिकित्साको लागि गाउँपालिका भित्र नागरिक आरोग्य केन्द्र स्थापना गरि पञ्चकर्म, योग, ध्यान, शिरोधार्य वाफ लगायतको सेवालाई विस्तार गरिनेछ।

२८. स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन सबै नागरिकलाई अभिप्रेरित गरिने छ । आर्थिक रुपले "विपन्न, दलित, अपाङ्ग, जेष्ठ नागरिक, सीमान्तकृत, लोपोन्मुखहरुलाई अनिवार्य स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउन विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । वैदेशिक रोजगारीमा रहेका घरधुरीलाई अनिवार्य स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराईने छ ।

## शिक्षा

२९. विद्यालय कर्मचारी तथा बालविकास शिक्षकहरुलाई प्रोत्साहित गर्न नेपाल सरकारले निर्देशन गरेको अपुग रकम, गाउँपालिकाले शिक्षण सिकाइ सहयोग अनुदान कोटा सिर्जना गरि शिक्षक पारिश्रमिक अनुदान प्राप्त गरेका विद्यालयलाई निरन्तरता दिदै आवश्यकता र विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी नभएका विद्यालयमा शिक्षण सिकाइ सहयोग अनुदान कोटाको व्यवस्था गर्दै विद्यार्थी संख्या कम भई शिक्षक दरबन्दी बढी भएका विद्यालयलाई समायोजन र शिक्षक दरबन्दी मिलान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३०. शिक्षक, कर्मचारी, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास र विद्यार्थीहरुको प्रतिभा पहिचानका लागि क्षमता विकास र रचनात्मक, दिवसीय लयागत अतिरिक्त क्रियाकलापमा जोड दिइनेछ ।

३१. शैक्षिक गुणस्तर सुधारका लागि कक्षा ३, ५, ८, १० र १२ मा अध्ययनरत विद्यार्थीहरुको नमुना सिकाइ उपलब्धि परीक्षण लयागत शिक्षक, अभिभावक, विद्यार्थी, राजनैतिक दल, बुद्धिजिवी, पेशागत संघ संगठन सहित गैर सरकारी संघ संस्थाहरुसँग छलफल, सहकार्य र समन्वय गरि शैक्षिक सुधार वर्ष बनाइनेछ ।

३२. आधारभूत तह कक्षा ८ मा लिइदै आएको वार्षिक परीक्षालाई थप व्यवस्थित गरि उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीका अभिभावक र विद्यार्थी, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र उत्कृष्ट GPA ल्याएका विषयका शिक्षकलाई नगद र जिन्सी सामग्री सहित पुरस्कृत गरिनेछ ।

३३. विद्यालयका शैक्षिक तथ्याङ्कहरुलाई विश्वसनिय तथा भरपर्दो बनाउन एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम दिइ वस्तुनिष्ठ कार्यसम्पादन गर्न विद्यालयहरुलाई निरन्तर निर्देशन गरिनेछ ।

३४. ICT Lab, विज्ञान प्रयोगशाला र पुस्तकालयको प्रयोगको सुनिश्चितता र व्यवस्थापनका लागि विद्यालय प्रशासनलाई थप जिम्मेवार बनाइ समयानुकुल सूचना प्रविधिमैत्री शिक्षाको व्यवस्था मिलाइनेछ ।

३५. विद्यालयमा खानेपानी र शौचालयको स्तरोन्तरी गरि विद्यालय स्वास्थ्य, सरसफाई तथा पोषण कार्यक्रमलाई प्रभावकारी बनाउदै सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य जाँच, प्राथमिक उपचार, जुकाको औषधी, फोलिक तथा आइरन चक्की, किशोरीहरुलाइ सेनेटरी प्याडको प्रयोग र स्वास्थ्य सचेतनाका लागि स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ ।

३६. कृषि उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि दिवाखाजा वाफत थप रकम, भान्सेको क्षमता विकास तालिम, खाद्यान्न सामग्री भण्डारण र नापजाचँका सामग्री व्यवस्थापन गर्न विद्यालयलाई अनुदान उपलब्ध गराइनेछ ।

३७. पढाइमा कमजोर छात्रछात्राहरुको सिकाइ उपलब्धि बृद्धिका लागि उपचारात्मक कक्षाहरु सञ्चालन र आमा वुवा गुमाएका विद्यार्थीहरुलाई शैक्षिक सामग्री (स्टेश्नरी र पोशाक) को व्यवस्था गरिनेछ ।

३८. आधारभूत तहको एकिकृत पाठ्यक्रम कार्यान्वयनका लागि मूल्याङ्कन अभिलेखिकरण पुस्तिकाको व्यवस्था, विज्ञान तथा प्रविधि विषय पठनपाठन र विद्यालयका अभिलेख व्यवस्थित गर्न आधारभूत विद्यालयलाई कम्प्यूटरको व्यवस्था र स्थानीय विषय पठनपाठनको सुनिश्चितताका लागि स्थानिय पाठ्यक्रम अद्यावधिक गरि कक्षा २ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक लेखनको कार्य सम्पन्न गरिनेछ ।

३९. प्रधानाध्यपकहरुको घुम्ति बैठकद्वारा विद्यालयको सर्वपक्षिय अवलोकन गराइ विद्यालय व्यवस्थापनमा देखिएका समस्या र अपनाइएका समाधानका उपायहरु एकअर्कामा अनुभव साटासाट गर्ने अवसर र नविनतम उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयको मासिक प्रगति प्रतिवेदनका आधारमा विद्यालयलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

४०. विद्यालय तहमा हुने कक्षा ४ देखि ९ सम्मको बार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण व्यवस्था गाउँपालिकाबाट गरिनेछ ।

४१. युवाहरुका लागि नवप्रर्वद्धनात्मकका कार्यक्रम र खेलकुद क्षेत्रको प्रर्वद्धन गर्नका लागि आधारभूत र माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विभिन्न विधाका खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।

४२. सामुदायिक सिकाई केन्द्रको स्तरोन्नति र समानुकुल कार्यसम्पादन गर्ने कार्यको थालनी गरिनेछ ।

## खानेपानी, सरसफाई र स्वच्छता

४३. परम्परागत पानीका मुहानहरु ढुङ्गेधारा, कुवाँ, नाउला र पोखरीजस्ता स्रोतलाई संरक्षण गर्न विशेष ध्यान दिईनेछ । नीजि जग्गामा रहेका पानीका मूहानहरु संरक्षण गरी त्यस्ता जग्गाहरु रहेका पानीका मुहानहरु अनिवार्य रुपमा दर्ता गर्ने प्रक्रिया अघि बढाईनेछ ।

४४. जयगढ बजार र बजारसँग जोडिएका बस्तीहरुमा स्वच्छ खानेपानीको पर्याप्त आपुर्ती गरी नियमित रुपले सञ्चालन गर्न जयगढ खालगडा छातासैन खानेपानी आयोजना निर्माणलाई तिव्रता दिई आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ । साथै उक्त खानेपानी आयोजनालाई दिगो रुपमा सञ्चालन गर्न थप मुहानको खोजि गरी पर्यटकीय एंव धार्मिक स्थल बरदादेवी मन्दिर सम्म खानेपानी विस्तार गरीनेछ ।

४५. बान्नीगढी बजार क्षेत्रमा रहेको फोहोरमैलाको व्यवस्थापनका लागी निर्माण गरिएको अस्थायी फोहोर बिसर्जन स्थललाई थप स्तरोन्ती गरिनेछ ।

४६. गाउँपालिका भित्रका सम्पूर्ण वडाका घरधुरी र विद्यालयहरुमा स्वच्छ खानेपानीको दिगो विकास र पूर्ण सरसफाई कार्यक्रम सञ्चालन गरी स्वच्छ सफा बान्नीगढी बनाईनेछ ।

४७. घरायसी, संस्थागत एवम् वातावरणीय सरसफाइ प्रवर्द्धनका लागि वातावरण तथा सरसफाइ कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

४८. पूर्ण सरसफाई प्रवर्द्धनमा वडा, टोल विकास संस्थाहरु र स्थानीय समुदायको सहभागिता गरी पूर्ण सरसफाईलाई जीवन संस्कारको रुपमा बिकास गर्नका लागि सरसफाई नमुना टोल निर्माणमा जोड दिइने छ र सोका लागि पूर्ण सरसफाई टोल विकास निर्देशिका वनाई लागु गरिनेछ ।

४९. फोहरमैलालाई स्रोतमै न्यूनीकरण गर्न बजार क्षेत्रमा घर घरमा कुहिने र नकुहिने फोहरलाई छुट्याई फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

## सामाजिक समावेशीकरण तथा गरिबी निवारण

५०. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

५१. ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरी सामाजिक सुरक्षा भत्ता र अन्य सेवा सुविधामा सहयोग पुर्याइनेछ।

५२. अपाङ्गता परिचय पत्र डिजिटलाइजेशन गरि वितरण गरिनेछ । अपाङ्गता भएका (ग) र (घ) वर्गका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउन आवश्यक नीति लिईनेछ।

५३. कार्यस्थलमा हुने सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

५४. गाउँपालिका स्तरमा निर्माण हुने भौतिक पूर्वाधारका क्षेत्रमा लैङ्गिक मैत्री हुनुपर्नेमा सरोकारवालासँग छलफल गरिनेछ ।जननिर्वाचित प्रतिनिधिहरु र महिलाको सक्रिय सहभागितामा नेतृत्व तथा क्षमता विकास कार्यक्रम गरिनेछ।

५५. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नितिलाई कार्यान्वयन गरि GESI Audit लाई प्राथमिकता दिइनेछ ।स्थानीय लैङ्गिक हिंसा निवारण कोषमा बजेट विनियोजन गरि निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

५६. एकल विपन्न दलित महिलाहरुको जिवनस्तर उकास्नका लागि मागमा आधारित आयआर्जन मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५७. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

५८. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

५९. बालविवाह न्यूनीकरण, छाउपडी कुप्रथा उन्मुलन, सामाजिक तथा धार्मिक कुरीति र कुसंस्कार अन्त्यका लागी बिद्यालयस्तर र वडा स्तरबाट नै सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछन।

## रोजगारी तथा मानव संशाधन विकास

६०. यस गाउँपालिकाले संचालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पुर्ति गर्दा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तीहरुलाई पहिलो प्राथमिकता दिई सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभुती गराईनेछ। गाउँपालिका तथा वडागत आयोजनाहरु संचालन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमसँग अनिवार्य रुपमा साझेदारी गरि संचालन गरिनेछ।

६१. बैदेशिक रोजगार अन्तर्गत श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृती तथा बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाका आवेदनलाई सरल, सुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रवाह गर्न रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरिनेछ।

६२. बान्नीगढी जयगढ गाउँपालिकाका स्थायी बासिन्दाहरुमध्ये हाल वैदेशिक रोजगारमा रहेकाहरुको तथ्याङ्क संकलन गरी गाउँपालिकाभित्र लगानी गर्न सक्ने वातावरणको अध्ययन गरिनेछ ।त्यसैगरी वैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त नागरिकहरुको अनुभव र क्षमतालाई परिचालन हुनेगरी स्थानीय स्तरमा कृषि, पशुपालन तथा अन्य विकास निर्माणको कार्यमा प्रयोग गरिनेछ ।

## युवा तथा खेलकुद विकास

६३. गाउँपालिका स्तरीय खेलकुद विकास समितिद्धारा विभिन्न विद्याका खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछन ।

६४. गाउँपालिकाभित्र छरिएर रहेका प्रतिभावान यूवा खेलाडीहरुको पहिचान गरी विद्यागत खेलहरुमा उनिहरुले आर्जन गरेको सीप, अनुभव र दक्षतालाई उपयोग गर्ने गरी खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछ ।

६५. वडा नं. ३ थर्पुकाट्यामा मिनि खेलमैदान निर्माण तथा वडा नं.५ कालिकामा रहेको थालाकोट क्रिकेट मैदानको पूर्वाधार निर्माणको लागी संघ तथा प्रदेश सरकारसँग समन्वय र साझेदारी गरी आवश्यक व्यवस्था गरिनेछ ।

**<u>न्यायीक समिति</u>**

६६. न्यायीक समिति मार्फत कानूनी सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ। सबै वडाहरुमा मेलमिलाप कार्यकर्ताहरुको सूचि तयार गरी मेलमिलाप केन्द्र स्थापना गरिनेछ।

६७. न्यायीक समितिमार्फत मनोपरामर्शकर्ताको व्यवस्था गरिनेछ ।न्यायिक समितिलाई सवल र सक्षम बनाउन सहयोग गरिनेछ ।

६८. माध्यामिक विद्यालयहरुमा न्यायिक अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

६९. विपन्न उजुरीकर्ताहरु न्यायको पहुँच सुनिश्चित गर्नको लागि सम्वन्धित निकायसम्म पुग्नको लागि यातायात खर्च उपलब्ध गराइने छ ।

**<u>पोषणमैत्री स्थानीय शासन</u>**

७०. बान्नीगढी जयगढ गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका घोषणा गर्न वडा नं १ गाज्रा र वडा नं ४ तिमिल्सैनलाई आगामी आर्थिक वर्षमा पोषणमैत्री वडा घोषणा गरिनेछ।बाँकि वडाहरुलाई क्रमशः पोषणमैत्री वडा घोषणा गर्नका लागी विषयगत क्षेत्रअनुसार विभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।

७१. सामुदायिक विद्यालयमा खुवाईने दिवा खाजालाई पोषणमैत्री बनाउन विशेष अभियान संचालन गरिनेछ ।जंक्क फुडलाई सार्वजनिक निकायहरुमा पूर्ण रुपमा प्रतिबन्ध लगाउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

**(ख) आर्थिक विकास**

**<u>कृषि तथा पशुपालन</u>**

७२. कृषि क्षेत्रलाई आर्थिक बृद्धि र रोजगारको प्रमुख संवाहकको रुपमा विकास गर्ने नीति लिईनेछ।

७३. कृषि यान्त्रिकरण, व्यावसायीकरण, बजारीकरण र जलवायु अनुकुलन प्रविधिको प्रबर्धन गरिनेछ।जलवायु असरलाई धान्न सक्ने वातावरण अनुकुल मैत्री स्थानीय बीउबिजनको संरक्षण र विकासमा जोड दिईनेछ ।

७४. संघीय सरकार तथा बान्नीगढी जयगढ गाउँपालिकाको संयुक्त लागत साझेदारीमा जयगढ बजारमा कोल्ड स्टोर निर्माणको प्रक्रिया द्रुत गतिमा अघि बढाइने छ ।

७५. कृषिको मुख्य खाद्यान्न बाली (धान,मकै र गहुँ) र फलफुल तथा पशु बस्तुको घासको बिउ, बिरुवा उत्पादनको लागि लागत साझेदारीमा अनुदानको व्यवस्था मिलाइनेछ।

७६. कुषि उत्पादन बढाउने उद्देश्यका साथ "उत्कृष्ट किसान,हाम्रो शान" नारालाई आत्मसात गर्दै उत्कृष्ट (तरकारी, फलफूल,पशुपालन) खेती गरी कृषि उत्पादन बृद्धिमा उल्लेखनीय योगदान पुर्याउने कृषकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

७७. स्थानीय स्तरमा रहेका रैथाने बालीहरुको बिउ संरक्षण, खेती विस्तार र बजारीकरणको प्रर्वद्धन र संरक्षणमा विशेष जोड दिईनेछ।यसका लागी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । मानव स्वास्थ्य र वातावरणलाई सर्वोपरी ध्यानमा राखी विषादी रहित आर्गनिक खेतीको विकास, विस्तार र प्रर्वद्धन गरी तरकारीमा आत्मनिर्भर गराउदै लगिनेछ ।

७८. किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता एंव सुशासन अभिबृद्धि गर्न किसान सूचिकरण कार्यलाई निरन्तरता दिइनेछ ।

७९. पशुपन्छीमा हुने गम्भिर प्रकृतिका महामारी नियन्त्रणका लागि आवश्यक नीति लिइनेछ । बेमौसमी वर्षाका कारण कृषि बाली/पशुपालनमा पुग्न गएको क्षतिको राहात सिघ्र उपलब्ध गराईनेछ । कृषकहरुको क्षमता

बिकासका लागी तालिम,गोष्ठी तथा अन्तर जिल्ला कृषक भ्रमण कार्यक्रम संचालन गरिनेछ। कृषकहरुले उत्पादन गरेको कृषिजन्य सामाग्री खरिद-बिक्रीका लागि जयगढ बजारमा व्यवस्थित कृषि उपज संकलन तथा बिक्रि वितरण केन्द्र संचालनका लागि विशेष प्रबन्ध मिलाइनेछ ।

८०. स्थानीय गाई, भैंसी र बाख्राको नश्ल सुधार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृत्रिम गर्भाधान सेवा संचालन गरिनेछ । पशुपन्छी पोषण तथा आहाराको आपूर्तिको लागि वर्षे तथा वहुवर्षे पोषिला घाँसको विकास गरिनेछ । परम्परागत र निर्वाहमूखि पशुपालन प्रणालीलाई व्यवसायीक र आत्मनिर्भर पशुपालन प्रणालीमा रुपान्तरण गरी सम्मानीत पेशाको रुपमा स्थापना गरिनेछ ।

८१. कृषि क्षेत्रको बिकासको लागि गैर सरकारी संस्थाको साझेदारीमा बजारमुखी कृषि कार्यक्रम संचालनको लागि लागत साझेदारी गरिनेछ ।बाली तथा पशुपन्छी बिमा लाई प्रोत्साहन गर्न पालिका स्तरमा अभिमुखी करण कार्यक्रम र कृषकले तिर्ने बिमा शुल्कमा थप अनुदान उपलब्ध गराईनेछ । जमिनलाई बाँझो राख्ने परम्परालाई निरुत्साहित गर्न बाँझो जमिनमा फलफूलका खेती गर्न प्रोत्साहन गरिनेछ । स्थानीय कृषिको प्रवर्धन र बिकासका लागि विभिन्न संञ्चार माध्यम तथा एफ.एम. रेडियो हरुसँग सहकाय गरि कृषि जागरणका कार्यक्रमहरु संचालन गरिने छ ।

८२. कृषि तथा पशुधनको संरक्षण गर्न कृषि तथा पशु बिमालाई निरन्तरता दिइनेछ ।

८३. स्थानीय कृषकहरुलाई दर्ता प्रणालीमा आवद्ध गराई उत्पादित कृषि उपजलाई बजारीकरण तथा निर्यात प्रवद्धन गरिनेछ ।

**<u>पर्यटन</u>**

८४. धार्मिक तथा पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका बान्नीगढी नौलागढी, छातासैन, विल्थम, जाल्पादेवी मन्दिर, चन्डिका मन्दिर, ऐतिहासिक स्थल दर्नाको पञ्चदेवल जस्ता ठाउँहरूमा पूर्वाधार विकास निर्माण र प्रचार प्रसारमा विशेष जोड दिईनेछ।

**<u>उद्योग तथा वाणिज्य</u>**

८५. आर्थिक अवस्थाका कारण ओझेलमा परेका वा बन्द हुन लागेका उद्योगहरुलाई स्तरोन्ती गरिनेछ। उद्यमशिलता माध्यमबाट विपन्न लक्षित वर्ग तथा महिलाहरुका लागि विशेष मागका आधारमा मागमा आधारित तालिम सञ्चालन गरिनेछ। उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुलाई विक्रि वितरण गर्नमा प्रोत्साहन गरिनेछ।

### (ग) वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति

**<u>वन, वातावरण र जलवायु परिवर्तन</u>**

८६. जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय,गैर सरकारी संस्था तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

८७. बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ, हरित पालिकाको अवधारणा अनुरुप वृक्षारोपण, पार्क निर्माणमा जोड दिईने छ।

८८. अन्य सरकारी, गैर सरकारी तथा सामुदायिक वन उपभोक्ता समिति लगायतका संघ संस्थासँग सहयोग तथा समन्वय गरी वन, वाताबरण, भूसंरक्षण, वन आगलागी, वन विनाश तथा जलवायु परिवर्तन सम्बन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिने छ ।

८९. गाँउपालिका भित्र रहेका सबै सामुदायिक बनहरुले स्थानीय सरकार संचालन ऐन अनुसार समन्वय सहकार्य तथा शुल्क बाँडफाँडमा सहभागी हुनै पर्ने गरी व्यवस्थापन गरिनेछ ।

९०. वनजंगल,जलस्रोत,जलाधार,पोखरी जस्ता प्राकृतिक स्रोतमा खलल पार्ने प्रतिकुल प्रभाव पार्ने भौतिक संरचना निर्माण लगायत कुनैपनि गतिविधि नगर्ने नीति लिईनेछ ।

९१. जल तथा भूमिको संरक्षण साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन, सहयोग पुऱ्याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ।

<u>विपद व्यवस्थापन</u>

९२. गाउँपालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी जोखिम न्यूनिकरण गरिनेछ।विपदबाट हुने क्षति न्यूनिकरणका लागि तत्काल राहत र उद्धारका कार्यमा जोड दिइनेछ । यस कार्यमा प्रहरी, सहयोगी संस्था र सम्बन्धित निकायहरुको परिचालनमा जोड दिइनेछ ।

९३. विपदबाट हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्दै लगिनेछ। साथै क्षतिको आधारमा उचित राहतको व्यवस्था मिलाईनेछ । थप आवश्यक राहत पुर्नस्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँगको सहकार्य अविलम्ब अघि बढाइनेछ ।

९४. विपदपूर्व तयारी कार्यको लागि प्रतिकार्य योजना तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । साथै हरेक नागरिकको विपदमा बान्नीगढी सरकार छ भन्ने नाराका साथ गाउँपालिका वासीहरुलाई विपदको जोखिमबाट मुक्त गराउने नीति लिईनेछ ।

**(घ) पूर्वाधार विकास सम्बन्धी नीति**

<u>**सडक, भवन तथा सिचाई**</u>

९५. विगतमा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका आयोजनाहरुको कार्यान्वयनलाई मध्यनजर गरी प्राथमिकताका साथ बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

९६. वडा नं. ४ तिमिल्सैनको वडा कार्यालय भवन निर्माणका लागी आवश्यक प्रबन्ध गरी भवन निर्माण कार्यलाई प्राथमिकता साथ अघि बढाईनेछ ।

९७. जयगढ बजार क्षेत्रमा रहेको निर्माणाधिन सरस्वती मन्दिर निर्माण कार्यलाई पूर्णता दिन आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

९८. गाउँपालिकाको मुल प्रशासकीय भवन निर्माण कार्यलाई तिब्रताका साथ अघि बढाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९९. गाउपालिका भित्र निर्माण गरिएका ग्रामिण सडहरुको स्तरोन्ती गरिनेछ, साथै प्रत्येक वडा कार्यालयलाई जोडने मोटरबाटोलाई क्रमिक रुपमा स्तरोन्नति गरिनेछ।

१००. अन्तरपालिका जोड्ने साफे छिपेखोला हुदै बरदादेवीसम्म र जयगढ छातासैन स्याउले सुतार जोड्ने सडक सञ्जाललाई प्राथमिकता दिइनेछ ।

१०१. पूर्वाधार व्यवस्थापन प्रणाली (IMS) मार्फत आयोजनाहरुको लगत स्टिमेट, सम्झौता लगायत अनुगमन तथा व्यवस्थापन गर्न नीतिगत व्यवस्था गरिनेछ।

१०२. बृहत आयोजनाका लागि सम्भाव्यता अध्ययन, डि.पि.आर, तयार गरी कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसँग आवश्यक बजेटका लागी समन्वय गरिनेछ ।

१०३. सबै वडाहरुमा रहेका खेतियोग्य जमिनमा सिंचाईको लागि कुलो तथा नहरको व्यवस्था गरिनेछ ।

**भवन तथा सहरी विकास**

१०४. आगामी आ.व. मा गाउँपालिकाको भवन संहिता तयार गरी लागु गरिनेछ । राष्ट्रिय भवन आचारसंहिता तथा भवन निर्माण सम्बन्धी कानून अनुसार गाउँपालिका भित्र निर्माण गरिने सम्पूर्ण भवनको घरनक्सा पास गर्ने अनिवार्य व्यवस्था गरिनेछ । गाउँपालिका भित्रको घरहरुको अभिलेखीकरण कार्यलाई विशेष प्रथामिकता साथ संचालन गरी आगामी आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ ।

१०५. सरकारी भवन निर्माण गर्दा भवनलाइ सुरक्षित, व्यवस्थित र अपाङ्गमैत्री वनाईनेछ।

**व्यवस्थित बस्ति विकास**

१०६. एकीकृत जग्गा विकास योजना तयार गर्न पहल गरी भू-उपयोग नीतालाई क्रमशः कार्यान्वयन गरिनेछ ।

१०७. बिभिन्न धार्मिक, सास्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचिन नामहरुको खोजी गरी तिनको पुनःस्थापना गर्ने, आधिकारिक नामाकरण हुन बाँकी टोल, बस्ती, सडक मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ।

**वैकल्पिक उर्जा**

१०८. गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य मुख्य वस्तिहरुको सार्वजनिक स्थलमा सौर्य बत्ती जडान कार्यलाई तीव्रता दिईनेछ ।

१०९. धुवामुक्त पालिका अभियानका लागी गाउँपालिका क्षेत्रभित्र सुधारिएको चुलोलाई नमूनाको रुपमा कार्यान्वयन प्रारम्भ गरिनेछ र क्रमशः सबै वडाहरुमा विस्तार गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन**

११०. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तहको Open Data portal मा update गरिनेछ।

१११. गाउँपालिकाबाट प्रवाह हुने प्रशासन,योजना, लेखा, नक्सा, राजश्व,कृषि,न्यायीक समिति लगायत सबै सेवाहरुमा सफ्टवेयर प्रयोग गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ । गाउँपालिकाको प्रत्येक वडा तथा स्वास्थ्य चौकीहरुमा जडान गरिएको ईन्टरनेटको क्षमता बृद्धि गरिनेछ।

११२. गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयमा हस्ताक्षरीत हाजिरी प्रणालीका अतिरिक्त ई-हाजिरी प्रणालीको विकास गरी प्रशासनिक चुस्ततालाई कायम गरिनेछ। गाउँपालिका स्तरीय सूचना प्रविधि केन्द्र र वडाहरूमा सामुदायिक सूचना प्रविधि केन्द्रको स्तरोन्नतिको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

११३. आयोजनामा छुट्याईएको contingency वापतको रकमको छुट्टै लेखा राख्ने र कार्यविधि तर्जुमा गरी परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

११४. गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी, एवम् विश्वसनिय बनाउन, कर्मचारी र जनप्रतिनिधीको क्षमता विकासका लागी सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग साझेदारी कार्यक्रम गरिनेछ । सार्वजनिक खर्चमा मितव्यिता अपनाउन ईन्धन, सवारी साधन मर्मत, भत्ता र विविध प्रकृतिका खर्चमा कटौति गर्न नीतिगत व्यवस्था गरिनेछ।

११५. सेवाप्रवाह मार्फत सुशासन, सुशासन मार्फत विकास र समृद्धि भन्ने मान्यता अनुरुप नयाँ कानून निर्माण र निर्माण गरेका कानूनहरुलाई समयानुकुल परिमार्जन गरि सेवा प्रवाहमा चुस्तता ल्याइनेछ ।

११६. गाउँपालिकालाई गाउँपालिकाको कार्य प्रकृति, कार्यबोध र औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ती आँकलन गरी कार्य विवरण तथा कार्य विश्लेषणका आधारमा संगठन तथा सर्वेक्षण गरि समयानुकुल बनाईनेछ । अत्यावश्यक पदमा लोक आयोगबाट जनशक्ति पदपूर्ति गर्न अनुरोध गरिनेछ ।

११७. बान्नीगढी जयगढ गाउँपालिका भित्र सञ्चालनमा रहेका साना-ठुला सबै व्यापार व्यवसायलाई अनिवार्य रुपमा दर्ता प्रक्रियामा ल्याइ राजश्व संकलनमा वृद्धि गरिनेछ । आ.व. २०८१/०८२ मा राजश्व संकलन गर्न सकिने सबै सम्भावित क्षेत्रको पहिचान गरी करको दायरा बृद्धि गर्न राजस्व सम्बन्धि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । करको दर विश्लेषण गरी आवश्यकता अनुसार लचकताको नीति लिइनेछ ।

११८. आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत फजुल खर्च घटाउने, खर्चलाई नतिजा तथा उपलब्धिसँग आबद्धता गरिने तथा सार्वजनिकरण गर्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ ।

११९. कर्मचारीहरुको मनोबल उच्च राख्न कर्मचारीहरुलाई प्रदान गरिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।कर्मचारीहरुको कार्यसम्पादनमा आधारित सूचकहरु निर्धारण गरी सूचकहरुको आधारमा शुरु तलब स्केलको बढीमा २५ प्रतिशतसम्म थप सुविधा उपलब्ध गराउने गरी सम्भाव्यता अध्ययन गरिनेछ ।

**<u>विविध</u>**

१२०. सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको पहिचान तथा संरक्षण गरिनेछ।स्थानीय भेषभुषा, पहिरन, कला संस्कृति, लोपोन्मुख बाजागाजा संरक्षणको लागि विशेष पहल गरिनेछ ।समुदायमा रहेका स्थानीय पाटीपौवा, पटकानी र धार्मिक तथा सार्वजनिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।

१२१. सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित तथा छिटो छरितो रुपमा लाभग्राहीहरुले प्राप्त गर्ने कार्यका लागी बैङ्कसंग आवश्यक समन्वय गरिनेछ । सामाजिक सुरक्षाबाट बञ्चित एकल जीवन ज्यून बाध्य भएका महिला, बालबालिका तथा साहाराविहिन पुरुष लगायत असहाय व्यक्तिहरुका लागि कानून बमोजिम एउटा छुट्टै कोषको स्थापनाका लागी पहल गरिनेछ।

१२२. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

१२३. लागुऔषध दुर्व्यसनी न्यूनीकरणका लागी सरोकारवालासँग समन्वय तथा सहकार्य गरी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१२४. समाज परिवर्तन, रुपान्तरण र विकासका लागी उल्लेखनीय योगदान पुऱ्याउने स्थानीय व्यक्तित्व स्व.श्री नर बहादुर स्वाँरको स्मृति र सम्मानमा जयगढ बजार क्षेत्रमा शालिक निर्माण गरिनेछ ।

१२५. गाउँपालिकाको समग्र विकास कार्यमा साझेदारी गर्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय सहजिकरण र सहकार्य गरिनेछ ।

**गाउँसभाका सदस्यहरु,**

१२६. बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को यस नीति तथा कार्यक्रमले स्थानीय सरकारको मुल मर्म अनुरुप जनताका साझा तथा अनिवार्य आवश्यकता परिपुर्ति गर्न तथा स्थानीय विकास निर्माण र स्वरोजगारमा सहयोग पुग्ने आशा एंव अपेक्षा गरिएको छ।

१२७. लोकतान्त्रिक विधि र पद्धतिहरुबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यन्वयन गर्न सबै विकास साझेदार निकायसँग सहकार्य, रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्यता छ। आम गाउँपालिकाबासीको सुशासन, विकास र समृद्धिको आकाङ्क्षालाई पुरा गर्न आगामी दिनहरुमा सरकारले आफ्नो कार्यशैली र कार्यप्रणालीलाई थप चुस्त, नतिजामुखी र नागरिकमैत्री बनाउदै लैजानेछ ।

१२८. अन्तमा, गाउँपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, राष्ट्रसेवक कर्मचारी, निजी, सहकारी र सामुदायिक क्षेत्र, गैरसरकारी क्षेत्र, सञ्चारजगत लगायत सम्पूर्ण दिदिबहिनि तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । "समृद्धिको आधारः बान्नीगढी सरकार" भन्ने हाम्रो नारालाई सार्थक बनाउन हामी सबै गाउँपालिकाबासी एकढिक्का भएर अगाडी बढ्न सकौं ।

**धन्यवाद ।**